"कृषि पर्यटन र पुर्वाधार : समृद्ध चिङ्गाडको आधार"

# चिङ्गाड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
अवलचिङ्ग, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

प.सं.२०७७।०७८

च.नं.

मिति :-२०७७०७२५

उद्यम विकास सहजकर्ता करारमा पदपुर्ति गर्ने सम्वन्धी सुचना

(प्रथम पटक प्रकाशित मिति २०७७।०७।२५)

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्राल मार्फत प्राप्त पत्रानुसार नेपाल सरकार शसर्त अनुदान तर्फको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) संचालन निर्देशिका, २०७७ बमोजिम उक्त कार्यक्रम संचालनका लागि उद्यम विकास सहजकर्ता करारमा पदपुर्तिका लागि तपशिल बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूले आजकै मितिबेवि १५ दिनभित्र कार्यालय समयमा निवेदन दिनुहुन अनुरोध सहित यो सुचना प्रकाशित गरिएको जानकारी गर्दछौं ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | आवश्यक संख्या |
|---|---|---|---|---|
| १ | ०६।२०७७।०७८ | उद्यम विकास सहजकर्ता | स्थानीय सेवाको चौंथो तह सरह | २ (दुई) |

१. आवश्यक न्युनतम योग्यता :-

क) प्राविधिक शिक्षा तथा व्यवशायिक तालिम परिषद् (सिटिईभिटि) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्वन्धी डिप्लोमा कोर्ष उर्त्तीण गरेको ।

ख) प्राविधिक शिक्षा तथा व्यवशायिक तालिम परिषद् (सिटिईभिटि) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सीप परिक्षण तह २ वा ३ उर्त्तीण गरेको ।

ग) प्राविधिक शिक्षा तथा व्यवशायिक तालिम परिषद् (सिटिईभिटि) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्वन्धी प्राविधिक प्रवेशिका परिक्षा (टिएसएलसि) उर्त्तीण गरेको ।

घ) नेपाली नागरिक

ङ) करार सेवाको लागि कुनै कानुने अयोग्य नठहरिएको ।

च) साथै श्रम सुचना बैंकमा सुचीकृत भएकालाई प्राथमिकता दिईनेछ ।

२. दरखास्त दिने स्थान : चिंगाड गाउँकार्यपालिकाको कार्यालय, अवलचिंग, सुर्खेत ।

३. दरखास्त दिने अन्तिम मिति : २०७७।०८।०८

४. दरखास्त दस्तुर : रू.४००।

५. उम्मेदवारको उमेर हद : १८ वर्ष पुरा भई ४० बर्ष ननाघेको ।

६. परिक्षाको किसिम : प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन, लिखित र अन्तरवार्ता ।

७. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू : आवेदक स्वयंमले प्रमाणित गरेको वेहाय बमोजिमका कागजातहरूको प्रतिलिपीहरू :

: दरखास्त निवेदन र बैयक्तिक विवरण (वायोडाटा)

: नेपाली नागरिकता

: न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरू

: चारित्रिक प्रमाणपत्र

: २ प्रति पासपोर्ट साईजको फोटो

: अनुभव सम्वन्धी कागजात (सरकारी कार्यालयको मात्र मान्य हुने)

८. सेवा सुविधा : स्थानीय सेवाको सहायक स्तर चौंथो सरह ।

९. गनुपर्ने कार्यविवरण : गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ मा तोकिए बमोजिम हुनेछ।

१०. दरखास्त आवेदन फाराम र अन्य जानकारीको लागि चिंगाड गाउँपालिकाको वेभसाईट www.chingadmun.gov.np र ९८४८०२५५८४ मा सम्पर्क राख्नुहुनेछ । गाउँपालिका भित्र स्थायी बसोवास भएकालाई विशेष प्राथमिकता दिईनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

ध्रुव प्रसाद ढकाल कोटा

प्रमुख प्रशासकीय अधिकृत